# सूचना २

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क. बमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका तर खरिद सम्झौता बमोजिमको काम चालू रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माण स्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामग्रीको अभाव भएको वा निर्माण स्थलमा प्राकृतिक विपत्ति परेको लगायतको कारणबाट तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताहरूको हकमा म्याद थप गर्ने कानूनी व्यवस्था नभई आयोजना सम्पन्न गर्न बाधा अड्काउ परेकोले त्यस्तो आयोजनाको निर्माण व्यवसायी, आपूर्तिकर्ता वा परामर्शदाताले पेश गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणबाट हुन नसकेको हो सोको पुष्ट्याई र अवधि खुलाई संशोधित कार्यतालिका र म्याद थप भएमा कुनै किसिमको आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित यो आदेश जारी भएको मितिले २१ दिनभित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकीन गरी सार्वजनिक निकायलाई कुनै प्रकारको थप दायित्व नपर्ने गरी म्याद थप गर्न सक्ने, यसरी म्याद थप भएको जानकारी बोलपत्र स्वीकृत गर्ने पदाधिकारीलाई दिनु पर्ने र यस बमोजिम निवेदन पेश नभएको वा पेश भएको निवेदनसाथ पेश भएको आधार र कारण मनासिब नभएको खरिद सम्झौता सम्बन्धित पदाधिकारीले अन्त्य गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबाही गर्नु पर्ने गरी नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ख. बमोजिम बाधा अड्काउ फुकाउनका लागि यो आदेश जारी गरेको छ।

आज्ञाले,
उदय राज सापकोटा
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ईमेल: idokanchanpur@gmail.com
Website: idokanchanpur.p7.gov.np
फोन/फ्याक्स नं : 099-524278,520609

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

कञ्चनपुर

पत्र संख्या : ०७९/०८०
चलानी नं. १०६८

मिति २०८०।०३।२२

## निर्माण ब्यवशायीहरुलाई अत्यन्त जरुरी सूचना ।

नेपाल सरकारबाट मिति २०८०।०३।२१ गतेको नेपाल राजपत्रमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ७४ (ख) बमोजिम जारी गरिएको बाधा अडकाउ फुकाउ आदेश अनुसार यस कार्यालय सँग सम्झौता भई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (क) बमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका ठेक्का सम्झौतामा म्याद थप आवश्यक भएमा सो राजपत्रमा उल्लेख भए अनुसार सम्झौता अवधिमा कुन कुन काम के कस्तो कारणबाट सम्पन्न हुन नसकेको हो सो को पुष्टयाँई र स्पष्ट कारण , म्याद थप भएमा कुनै किसिमको थप आर्थिक दावी नगर्ने प्रतिबद्धता, अब सो कार्य सम्पन्न गर्नकोलागि चाहिने वास्तविक थप अवधि खुलाई सँशोधित कार्य तालीका, कार्य सम्पादन जमानत, बीमा, अग्रीम जमानत लगायतका आवश्यक कागजात सहित नेपाल राजपत्रमा आदेश जारी भएको मिति (२०८०।०३।२१ गते) ले २१ दिन (२०८०।०४।१० गते कार्यालय समय) भित्र यस कार्यालयमा म्याद थपको लागि निबेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना जारी गरिएको छ । नेपाल राजपत्रमा मिति २०८०।०३।२१ मा जारी भएको आदेशको समयावधी भित्र म्याद थपको लागि आवश्यक पर्ने सम्पूर्ण कागजात सहितको निबेदन पेश नभएको वा निवेदन पेश भएपनि म्याद थप गर्नु पर्ने आधार र कारण मनासिव नभएको ठेक्का समझौताको हकमा त्यस्ता खरिद सम्झौता अन्त्य गरि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार कार्वाहीको प्रकृया अगाडी बढाईने व्यहोरा समेत यसै सूचना द्धारा सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराईन्छ ।

2080/03/22

(ई. धीरेन्द्र भट्ट )
कार्यालय प्रमुख
कार्यालय प्रमुख